नागरिक
Friday, 13 February 2015, शुक्रबार, १ फागुन २०७१

# 'गैरभन्सार अवरोध मुख्य समस्या'

नागरिक संवाददाता

*काठमाडौं, माघ २९*

दक्षिण एसियाली क्षेत्रको आर्थिक तथा व्यापारिक विकासमा गैरभन्सार अवरोध मुख्य बाधकको रूपमा रहेको औंल्याइएको छ।

राजधानीमा सम्पन्न दक्षिण एसियाली मुलुकका उत्पादनको सम्भाव्यता अध्ययन, क्षेत्रीय व्यापारको सम्भाव्यतामा गैरभन्सार अवरोध सम्बन्धी अन्तर्क्रियाका सहभागीले त्यस्तो बताएका हुन्।

अन्तर्क्रियामा अल्लो र हातेकागजको सम्भाव्यता तथा समस्याको समाधानबारे साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड एन्भाइरोन्मेन्ट (सावती) ले गरेको एक अध्ययन प्रतिवेदनमा समेत छलफल भएको थियो। सावतीले बागलुङ, दोलखा, काठमाडौं, रुकुम तथा संखुवासभा जिल्लामा अल्लो र हातेकागजको उत्पादन, निकासीका समस्या र सम्भावनाबारे विस्तृत अध्ययन गरेको थियो।

अध्ययन प्रतिवेदनअनुसार ढुवानीको समस्या, प्रक्रियागत ढिलाइ, पारवहन समस्या तथा ब्रान्डिङ अभावमा स्थानीय उत्पादनले उचित बजार पाउन नसकेको निष्कर्ष निकालिएको छ। अन्तर्क्रियामा अध्ययन प्रतिवेदन प्रस्तुत गरेका सावतीका कार्यकारी निर्देशक हिरामणि घिमिरेले लघु तथा साना उद्यम सञ्चालनका अवरोध, सञ्चालन तथा व्यापार विस्तारमा देखिएका गैरभन्सार अवरोध हटाएर व्यापार सहजीकरणमा जोड दिनुपर्ने बताए।

## दक्षिण एसिया ठूलो अवसर गुमाउँदै

दक्षिण एसियाली क्षेत्रमा पनि नेपालका लघु, साना र मध्यमस्तरका महिला उद्यमीका समस्या, उद्यमशीलता विकासका सम्बन्धमा अन्तर्क्रिया केन्द्रित थियो। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहयोगमा सावतीले गरेको अध्यन प्रतिवेदनमाथि सरोकारवाला निकायको राय, सुझाव लिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। उक्त कार्यक्रममा नेपालसहित बंगलादेश, भुटान, भारत, श्रीलंका र पाकिस्तानमा समेत यस किसिमको वस्तुको अनुसन्धान, सहजीकरण र ब्रान्डिङका काम भइरहेकाले निकट भविष्यमा गैरभन्सार अवरोध कम गर्न सहयोगी हुने युएनडिपी, नेपालकी डेपुटी कन्ट्री डाइरेक्टर सोफी केमखाद्जेले बताइन्।

गैरभन्सार अवरोधकै कारण दक्षिण एसियाले आर्थिक तथा व्यापारिक क्षेत्रको विकासमा ठूलो अवसर गुमाइरहेको र ठूलो संख्यामा मानिसहरू गरिबीमा रहेको उनको भनाइ थियो। युएनडीपीले सधैंजसो व्यापार सहजीकरण, समय सान्दर्भिक नीतिगत व्यवस्थाको लागि दिगो प्रयास गर्दै आएको उनको भनाइ थियो।

लघु, साना तथा मधमस्तरका उद्यमीबाट गरिबी निवारणमात्र नभएर सम्पत्ति आर्जनमा समेत सहयोग पुऱ्याउने विश्वास लिएको अन्तर्क्रियामा सहभागी सभासद आरजु राणा देउवाले बताइन्। सावतीका कार्यकारी अध्यक्ष पोषराज पाण्डेले लघुउद्यमको विकासका लागि महिलाको ज्ञान तथा सीप प्रवर्द्धन गर्ने गरी आर्थिक गतिविधि अघि बढाउनुपर्ने बताए।